म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १८२ आइतबार २९ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 12 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चौथो वार्षिक साधारणसभा सम्बन्धमा**

यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि. हेटौंडा-१० को १४ औं वार्षिक साधारण सभा तपशिल अनुसार हुन गइरहेको हुँदा सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई गरिमामय अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**
**मिति:** २०७९ माघ २९ गते
**समय:** बिहान ८:०० बजे
**स्थान:** रोयल पार्टी प्यालेस, हेटौंडा-४ नयाँ हल
(**नोट:** खाना खाजाको व्यवस्था गरिएको छ ।)

सुनिल कुमार न्यौपाने (सचिव)
**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**
हेटौंडा-१०, मकवानपुर

मकवानपुर गोल्डकप सुरु

## पहिलो खेलमा आयोजक मकवानपुर विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ हेटौंडामा शनिवारदेखि स्थानीय तह सहिद स्मृति अन्तराष्ट्रिय मकवानपुर गोल्डकप सुरु भएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाले निर्णायकलाई बल प्रदान गर्दै गोल्डकपको उद्घाटन गरेकी छन् । मकवानपुरमा आयोजना हुने फुटबल प्रतियोगितामध्ये सबैभन्दा ठूलो मकवानपुर गोल्डकपमा शनिवार आयोजक मकवानपुर-११ र नव जनजागृति युवा क्लब सिमराबीच प्रतिस्पर्धा भएको थियो । खेलमा मकवानपुरले सिमरालाई २-० गोलअन्तरले पराजित गरेको छ । सिमरामाथिको जितसँगै मकवानपुर क्वाटरफाइनल प्रवेश गरेको छ । तीन विदेशी खेलाडीलाई मैदान उतारेको मकवानपुरले खेलको १३ औं मिनेटमै अग्रता लिएको थियो ।



मकवानपुरका लागि प्रितम स्याङ्बोले पहिलो गोल गरे । डिबक्सभित्र सट पास खेल्दै विपक्षी खेलाडीलाई छक्याउने दाउमा रहेको मकवानपुरले सिमराका गोलरक्षक रोहन मगर लडेको मौकामा स्याङ्बोले गरेको बल प्रहार सेकेण्डर बारमा लागेर जाली चुम्न पुगेको थियो । मकवानपुरका लागि फागुराम चौधरीले दोस्रो गोल गरे । पहिलो हाफको अतिरिक्त समयमा विश्व लामाले दिएको पासलाई चौधरीले डिबक्स लाइनबाट वान टच प्रहार गर्दै बललाई पोष्टको दिशा दिएका थिए ।

दुवै हाफमा नव जनजागृति क्लबमाथि हावी देखिएको मकवानपुरले आधा दर्जन गोल गर्ने सुनौला अबसर खेर फाल्यो । खेलको ७ मिनेटमा फागुराम चौधरीले डिबक्स लाइनबाट प्रहार गरेको फ्रिकिक क्रस बारमा लागेर आकाशिएको थियो । खेलको १६ औं मिनेटमा विश्ल लामाले डिबक्सभित्रबाटै गोलपोष्ट ताकेर हानेको बललाई सिमराका डिफेन्डर निरज मगरले क्लियर गरे ।

उद्घाटन खेलमा आयोजक मकवानपुरका मिडफिल्डर विदेशी खेलाडी एलियु म्यान अफ दी म्याच घोषित भए । उनले नगद १० हजार हात पारेका छन् । उद्घाटन खेलमा नव जनजागृतिका जनक कोइरालाले रेड कार्ड पाए । मकवानपुरका प्रितम स्याङ्बोले एक्लै बल अगाडि बढाउँदै गरेको अवस्थामा कोइरालाले हातमा समातेर लडाएपछि रेड कार्ड दिइएको थियो ।

मकवानपुरले अब ५ फागुनमा सेमिफाइनल प्रवेशका लागि मनाङ मर्स्याङदीसँग भिड्ने भएको छ । प्रतियोगिताअन्तर्गत् आज आइतबार एक खेल हुँदैछ । क्वाटरफाइनल प्रवेशका लागि समूह 'बी'मा रहेको ललितपुरको सातदोबाटो क्लब र विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ क्लबबीच हुनेछ । सातदोबाबाटो र एपीएफबीचको विजेताले नेपाल आर्मीसँग अन्तिम चार प्रवेशका लागि ४ फागुनमा प्रतिस्पर्धा गर्नुपर्नेछ ।

हेटौंडाकी मेयर लामाको प्रमुख आतिथ्यता तथा आयोजक जिल्ला फुटबल संघ मकवानपुरका अध्यक्ष टिकाराम लामाको सभाध्यक्षता भएको उद्घाटन कार्यक्रममा हेटौंडाका पूर्वमेयरसमेत रहेका गोल्डकपका परिकल्पनाकार हरिबहादुर महत, हेटौंडाका उपप्रमुख राजेश बानियाँ, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, भीमफेदी गाउँपालिका उपाध्यक्ष सञ्जिव श्रेष्ठ, मकवानपुरगढीकी उपाध्यक्ष मानकुमारी पाखिन, हेटौंडाका वडा अध्यक्षहरु सुविन न्यौपाने, सुनिल मोक्तान, सुशिल घिमिरे, दिपक खड्का, जुना दाहाल, पेम्बा लामा, विष्णुलाल महर्जन, प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष सुर्यलाल भण्डारी, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीलगायतको आतिथ्यता रहेको थियो ।

१० फागुनसम्म हुने प्रतियोगितामा आयोजक मकवानपुर-११, नव जनजागृती युवा क्लब सिमरा, त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल एपिएफ क्लब, सातदोबाटो क्लब ललितपुर, मनाङ मर्स्याङ्दी क्लब, फ्रेन्ड्स क्लब ललिततपुर, हिमालयन शेर्पा क्लब काठमाडौं, एनआरटी क्लब काठमाडौं, बागमती युवा क्लव सर्लाही, विरगंज युनाइटेड पर्सा र एभिनियर एफसी क्यामरुनसहित १० वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा विजेता हुने टोलीले १५ लाख रुपैयाँसहित ट्रफी पाउनेछन् भने उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले रोयल इन्फिल्ड (बुलेट) मोटर साइकल पाउने छन् ।

प्रतियोगितामा विद्यागत उत्कृष्ट हुने खेलाडी र खेलाडीले नगद २५-२५ हजार प्राप्त गर्नेछन् । प्रत्येक खेलका म्यान आफ दि म्याच खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । जिल्लाको १० वटै स्थानीय तहहरुको आर्थिक सहयोगमा हुने प्रतियोगितामा करिब डेढ करोड खर्च हुने आयोजकको अनुमान छ । २०६२-०६३ को जनआन्दोलनका सहिदहरुको स्मृतिमा २०६४ सालमा हेटौंडामा पहिलो पटक राष्ट्रिय फुटबल प्रतियोगिताको आयोजना फुटबल संघले गरेको थियो । पहिलो संस्करणको उपाधि थ्रिस्टार क्लबले जितेको थियो ।

निर्माण व्यावसायी संघ अधिवेशन

## तीन जना निर्विरोध, आज अध्यक्षदेखि सदस्य चुन्न मतदान




साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ निर्माण व्यावसायी संघ मकवानपुरको २३ औं साधारणसभा तथा ११ औं अधिवेशन शनिवारबाट सुरु भएको छ ।

अधिवेशनको बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले उद्घाटन गरेका छन् । मन्त्री श्रेष्ठले आफूले निर्माण क्षेत्रमा परेका व्यावसायीहरुको समस्या समाधानमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । संघको अधिवेशनले नयाँ नेतृत्व पनि चयन गर्दैछ । संघको आगामी कार्यकालका लागि श्यामसुन्दर ढकाल र बालगोपाल कँडेल दुई वटा प्यानल बनाएर निर्वाचनमा होमिएका छन् । निर्वाचन प्रक्रियाअन्तर्गत् शनिवार उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन भएको छ ।

संघको अधिवेशनबाट प्रथम उपाध्यक्ष, महासचिव र कोषाध्यक्षमा तीन जना निर्विरोध निर्वाचित भएका छन् । प्रथम उपाध्यक्षमा सागर कटुवाल, महासचिवमा राजेन्द्र प्रसाद चौलागाई र कोषाध्यक्षमा अनल श्रेष्ठ निर्विरोध भए । निर्विरोध भएका तीन जना सबै ढकाल प्यानलका हुन् । यी तीन पदमा थप उम्मेदवारी नपरेपछि निर्वाचन समितिले उनीहरुलाई निर्विरोध गरेको निर्वाचन समिति संयोजक इश्वरराज ढकालले जानकारी दिए । आज आइतबार अध्यक्षदेखि सदस्य सम्मका पदमा मतदान हुने ढकालले बताए ।

अध्यक्ष, द्वितीय र तृतीय उपाध्यक्ष, नीतिगत र आन्तरिक तर्फका दुई उपमहासचिव, सहकोषाध्यक्ष, खुला सदस्य र महिला सदस्यमा निर्वाचन हुने अधिवक्तासमेत रहेका निर्वाचन समिति संयोजक ढकालले जानकारी दिए ।

अध्यक्षमा यस अधिका संघ अध्यक्षसमेत रहेका श्यामसुन्दर ढकाल र बालगोपाल कँडेलबीच प्रतिस्पर्धा हुने भएको हो । द्वितीय उपाध्यक्षमा भवनाथ अधिकारी र बुद्धिर‍ाम डिम्डुङ, तृतीय उपाध्यक्षमा भोजबहादुर बुढाथोकी र भीमसेन श्रेष्ठ, उपमहासचिव नीतिगततर्फ दिनेश पनेरु र नवराज पाठक, उपमहासचिव आन्तरिकतर्फ सुरज बर्तौला र निर्मल देवकोटा तथा सहकोषाध्यक्षमा हरेराम पुडासैनी र प्रकाश लामाबीच चुनावी भिडन्त पक्का भएको छ ।

कँडेल प्यानलबाट द्वितीय उपाध्यक्ष उम्मेदवार अधिकारी, तृतीय उपाध्यक्ष बुढाथोकी, उपमहासचिव नीतिगततर्फ दिनेश पनेरु, उपमहासचिव आन्तरिक तर्फका बर्तौला र सहकोषाध्यक्षका हरेराम पुडासैनी उम्मेदवार बनेका छन् । द्वितीय उपाध्यक्ष उम्मेदवार डिम्डुङ, तृतीय उपाध्यक्षका श्रेष्ठ, उपमहासचिव नीतिगततर्फका पाठक, उपमहासचिव आन्तरिकका देवकोटा र सहकोषाध्यक्ष प्रकाश लामा ढकाल प्यानलका हुन् । निर्माण व्यवसायी संघको कार्यसमिति १८ सदस्यीय हुने जनाइएको छ ।

खुला सदस्यमा १४ जना र महिला सदस्यमा २ जनाको उम्मेदवारी परेको छ । सदस्य उम्मेदवार अच्युत सुवेदी, अमित श्रेष्ठ, अशेषकुमार सुवेदी, इन्जन सिं मोक्तान, इन्द्र प्रसाद रिजाल, चेतबहादुर थापा मगर, नवीन जोशी, नितेश थापा मगर, भरत प्रसाद सापकोटा, लक्ष्मण सापकोटा, सन्तोष कार्की, सविन भट्टराई क्षेत्री, सहदेव गौतम र सुर्यबहादुर रोक्का रहेका छन् । महिला सदस्यमा उमाकुमारी पौडेल र पुनम तामाङ उम्मेदवार रहेको निर्वाचन समितिका सुजन तिमल्सिनाले जानकारी दिए ।

यसैगरी, शनिवार भएको साधारणसभाको अबसरमा गोरखापत्रका मकवानपुर संवाददाता राममणि दाहाल र कान्तिपुर दैनिकका संवाददाता सुवास बिडारी र समृद्ध समाजका सम्पादक शुरेश श्रेष्ठलाई पत्रकारिताको माध्यमबाट सहयोगी भूमिका निर्वाह गरेकोमा सम्मान गरिएको थियो । सम्मानित तीनै जनालाई जनही नगद ५ हजार रुपैयाँ प्रदान गरिएको हो । संघका अध्यक्ष ढकालको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानलगायतको आतिथ्यता थियो ।

## नेपाल शिक्षक संघको अध्यक्षमा हुमागाईं



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ नेपाल शिक्षक संघ मकवानपुरको अध्यक्षमा गणेशप्रसाद हुमागाई निर्विरोध निर्वाचित भएका छन् ।

संघको नवौं जिल्ला अधिवेशनअन्तर्गत निर्वाचन प्रक्रियामा अध्यक्षसहित पदाधिकारी र सदस्यहरु सबै जना निविरोध निर्वाचित भएका हुन् । हुमागाईं यसअघि शिक्षक संघ मकवानपुर जिल्ला समितिको उपाध्यक्ष थिए । अध्यक्षमा निर्वाचित भएपछि अब शिक्षकहरुको समग्र हकहितका निम्ति आफु काम गर्न तयार रहेको अध्यक्ष हुमागाईले बताए । सबैले योग्य ठानेर निर्विरोध निर्वाचित गरेसँगै शिक्षा क्षेत्र र शिक्षकहरुको लागि आफु अग्रसर भएर काम गर्ने प्रतिबद्धता जनाए ।

अधिवेशनले संघको उपाध्यक्षमा केशव प्रसाद देवकोटा, महिला उपाध्यक्षमा उमा कोइराला, सचिवमा श्रीराम लुइटेल, सचिव अर्थमा धन बहादुर लामा, सह-सचिवमा राजु रेग्मी, सह-सचिव महिलामा निर्मला तिमल्सिना, सह-सचिव अर्थ महिलामा सुभद्रा लम्साल, सह-सचिव समावेशीमा मोहनराज लामा चयन भएका छन् । यसैगरी संघको जिल्ला सदस्यहरुमा देवेन्द्र प्रसाद यादव, लक्ष्मी शिवाकोटी, तिर्थमाया कोइराला, रुपाकुमारी दाहाल, धनञ्जय प्रसाद यादव, ध्रुवराज विष्ट, गणेश धिताल र श्रीबहादुर राई चयन भए ।

## मकवानपुरमा तीन दिन सालक दिवस मनाइने

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ सालकलाई मकवानपुरको गौरवको जनावरको रुपमा घोषणा गर्ने तयारी भइरहेको अवस्थामा सालक दिवस पनि तीन दिनसम्म मनाइने भएको छ ।

राप्ती डिभिजन वन कार्यालय मनहरीको विशेष अग्रसरतामा सालकलाई मकवानपुरको गौरवाको जनावरकोरुपमा घोषणा गरिन लागेको हो । अन्तराष्ट्रीय सालक दिवस प्रत्येक वर्षको फेब्रुअरी महिनाको दोस्रो शनिपार मनाइने गरिन्छ । यस वर्ष नेपाली महिना अनुसार फागुन ६ गते परेको छ । दिवसको अबसर पारेर राप्ती डिभिजन वन कार्यालय मनहरीले फागुन ४, ५ र ६ गते सालक




दिवस मनाउन लागेको हो । राप्ती डिभिन वन कार्यालय मनहरीका प्रमुख विष्णु प्रसाद आचार्यले दिवसको तयारी अन्तिम चरणमा रहेको बताए ।

तीन दिने कार्यक्रमको मुख्य दिन ५ गते कार्यालय परिसरमा विद्यार्थीको सहभागितामा सालक दिवस मनाइने उनले बताएका छन् । सालकलाई मकवानपुर जिल्लाको गौरवको जनावरको रुपमा घोषणा भने केही समय पछि गरिने उनले जानकारी दिए । जाडो महिनामा सालक दुलो भित्रै बस्ने भएकोले एकिन तथ्यांक नआएको कारण घोषणा कार्यलाई पछि सारिएको उनको भनाई छ । मकवानपुर जिल्लाको १ सय वटा भन्दा बढी सामुदायिक वनमा सालक रहेको जनाइएको छ । यसको तथ्यांक अझ बढ्न सक्ने भएकोले क्यामेरा ट्र्यापिङको सहायताले गणना पनि गरिने आचार्यले बताए ।

विशेषत: बैशाख, जेठको रातको समयमा मात्र यो जनवार बाहिर निस्कने भएकोले यसलाई सजिलै देख्न भनि सकिदैन् । ५ गते हुने कार्यक्रममा विद्यार्थीहरुद्वारा रचित सालक सम्बन्धि गीत, कविता अन्य रचनाहरु पनि समावेश गरिने भएको छ ।




**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विषयअनुसार सहकारी सञ्चालन आवश्यक

सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एक हुनुपर्छ । तर, एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरुले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टरले प्रवेश गरेर आफ्नो क्लिनिकमा सबै सदस्यहरु बोलाएर आफ्नो आम्दामी बढाउने, ठगहरु मिली संस्था गठन गर्ने र छद्म प्रवृत्तिका व्यक्तिहरु पसेर सदस्यको बचत लिएर कुलेलम ठोक्ने व्यक्तिहरुर समूहहरुको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुनै सक्दैन । व्यापारी र किसानबीच एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरु महत्वपूर्ण मानिन्छन् । सहकार्य सहकारीको मूल्य मान्यता, सिद्धान्त र मर्मअनुरुपको हुन सक्छ ।

हाल नेपालमा बचत तथा ऋण, बहुउद्देश्यीय, दुग्ध, कृषि, स्वास्थ्य, सञ्चार, शिक्षा, उपभोक्तालगायत सहकारी संस्थाहरु दर्ता भएर सञ्चालनमा छन् । तर, विशेष उद्देश्य राखेर सहकारी दर्ता गरिए तापनि संस्थाको प्रमुख गतिविधिमा बचत संकलन गर्ने र ऋण प्रवाह गर्ने पर्दै आएको छ । जुन उद्देश्य लिएर सहकारी संस्था दर्ता गरिएको हो, त्यो उद्देश्य पूरा गर्नको लागि सोही उद्देश्यअनुरुप काम गर्नु अपरिहार्य छ । सहकारी संस्थाहरु स्थानीय तहको मातहत आएका छन् । अब सहकारी नियमन गर्नको लागि उद्देश्यअनुरुप सहकारी सञ्चालन गराउन स्थानीय तहले प्रभावकारी कदम चाल्नु पर्दछ । कृषि सहकारीले कृषि प्रवर्द्धन नगर्ने, दुग्ध सहकारीले दूध उत्पादन बढाउने र कृषकलाई प्रोत्साहन नगर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु उत्पादन र बजारीकरण नगर्ने जस्ता उद्देश्यमूलक ढंगले नचल्दा सहकारीबाट हुनुपर्ने प्रगति नभइरहेको स्पष्ट छ ।

अब सहकारी संस्थालाई एकीकरण गर्ने मुद्दा उठिरहँदा सहकारीको उद्देश्यहरुलाई मिलाएर एकीकरण गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने बेला भएको छ । स-साना सहकारी संस्थाहरुमा जम्मा भएर बसेको जनताको धेरै ठूलो धनराशि उपलब्धिहीन अवस्थामा छ । सहकारीमा रहने सञ्चित कोष, तरलतालगायत पूँजीलाई उत्पादनमूलक कार्यमा प्रयोग गर्न सके देशमा रोजगारीको प्रबर्द्धन गर्न पनि सकिन्छ । स-साना बस्तु उत्पादनमा सहकारीहरु लाग्न सके त्यसले पूँजी प्रबर्द्धनमा पनि टेवा पुग्ने देखिन्छ । त्यसैले सहकारीहरुलाई उद्देश्यअनुरुप सञ्चालन गर्दै उत्पादनमूलक क्षेत्रमा जोड्न ढिला गर्नु किमार्थ हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १ गते सोमबार १३ फेब्रुअरी २०२३ । अष्टमी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४५, सूर्यास्त ५:५२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# रवि प्रकरणपछि गैरआवासीय नेपाली किन त्रसित ?



✍डा. हेमराज शर्मा

सर्वोच्च अदालतको संवैधानिक इजलासले रवि लामिछानेको नागरिकता मुद्दाको विपक्षमा गरेको फैसलाले गैरआवासीय नेपालीहरूबीच कम्पन पैदा गरेको छ । उनको मुद्दा नेपाली नागरिकता पुन: प्राप्ती गर्ने प्रक्रिया सम्बन्धमा मात्र सीमित भए पनि उक्त फैसलाले नेपालमा भएको आफ्नो सम्पत्ति असुरक्षित र हन्छ कि भन्ने चिसो अधिकांश गैरआवासीय नेपालीको मनमा पसेको छ ।

नेपालको संविधान- २०७२, मुलुकी देवानी संहिता- २०७४ र गैरआवासीय नेपाली सम्बन्धी ऐन- २०६३ ले गैरआवासीय नेपालीहरूको अधिकारबारे सम्बोधन गरेका छन् । संविधानको धारा १४ मा विदेशी मुलुकको नागरिकता प्राप्त गरेको नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी 'गैरआवासीय नेपाली नागरिकता' दिने व्यवस्था छ । तर नागरिकता ऐन राष्ट्रपति कार्यलयमा रोकिएकाले गैरआवासीय नेपाली नागरिकता अहिलेसम्म प्रयोगमा आएको छैन । मुलुकी देवानी संहिता- २०७४ को दफा ४३३ ले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपालमा प्राप्त गर्ने अंश वा अपुताली सुरक्षित गरेको छ ।

गैरआवासीय नेपाली नागरिकता प्रयोगमा नआए पनि गैरआवासीय नेपाली सम्बन्धी ऐन- २०६३ ले व्यवस्था गरेको गैरआवासीय नेपाली परिचयपत्र पहिल्यैदेखि कार्यान्वयनमा छ । विदेशको नागरिकता लिएका नेपालीले यही परिचयपत्रको आधारमा नेपालमा व्यापार व्यवसाय गर्न, लगानी गर्न र तोकिएको अचल सम्पत्ति किन्न सक्छन् । यसरी विद्यमान संविधान र कानुनले नेपालको पैतृक सम्पत्ति र गैरआवासीय नेपालीको हैसियतले जोडेको सम्पत्तिको सुरक्षा गरेको भए पनि रवि प्रकरणपछि किन गैरआवासीय नेपालीहरू त्रसित छन् त ?

दोहोरो नागरिकताको प्रावधान भएका देशको नागरिकता लिँदा नेपाली नागरिकताको प्रमाणपत्र बुझाउनु पर्दैन । विदेशको नागरिकता लिएको जानकारी नेपाल सरकारलाई दिनुपर्ने बाध्यकारी व्यवस्था पनि छैन । त्यसैले विदेशी नागरिकता लिएपछि पनि नेपालको नागरिकता प्रयोगमा ल्याएका नेपालीहरू धेरै भएको अनुमान गर्न सकिन्छ । रविविरूद्धको अदालतको फैसलाले यस्तो कार्य गैरकानुनी भएको पुन: पुष्टि गरेकाले उनीहरू त्रसित बनेका हुन सक्छन् ।

गैरआवासीय नेपाली परिचयपत्रले नेपालमा लगानी गर्ने, चल, अचल सम्पत्ति जोड्ने अधिकार दिएको छ । तर धेरै गैरआवासीय नेपालीले परिचयपत्र लिएका छैनन् । परिचयपत्र प्रयोग नगरेर नेपाली नागरिकता नै प्रयोग गर्नुपर्ने थुप्रै कारणहरू छन् । धेरैले 'नेपालको कानुन हो, के पो होला र, विदेशी नागरिकता लिएको कुरा आफूले नभनेसम्म कसलाई पो थाहा होला र' आदि भन्दै हेलचेक्र्याइँ सोच राखेको हुनुपर्छ । रवि लामिछाने जस्तो व्यक्तिले त विदेशी नागरिकता परित्याग नगरी नेपाली राहदानी लिए भने सर्वसाधरण गैरआवासीय नेपालीले भविष्यमा आउने परिणामलाई ख्याल गर्लान् भन्ने अपेक्षा गर्न सकिँदैन ।

एक त, गैरआवासीय नेपाली परिचयपत्रबारे सबै निकाय जानकार नै छैनन् । अर्कोतर्फ परिचयपत्र प्रयोग गर्दा अनेक प्रशासनिक झन्झट आउने गर्छन् । छोटो बिदामा नेपाल गएर कारोबार गर्नुपर्ने भएकाले प्रशासनिक झन्झट टार्न पनि नेपाली नागरिकता प्रयोग गरिरहेका हुन सक्छन् । परिचयपत्र प्राप्त गर्न विदेशको नागरिकता लिएको औपचारिक रूपमा घोषणा गर्नुपर्ने र यसको रेकर्ड सरकारी दस्तावेजमा रहने कारणले पनि धेरैले परिचयपत्र लिन चाहँदैनन् । परिचयपत्र लिन लाग्ने महँगो शुल्कले पनि कतिपयलाई विकर्षण गरेको छ । कसैले विदेशमा स्थापित हुन आफ्नो नाम र जन्म मिति समेत परिवर्तन गरेका हुन्छन् । परिचयपत्रका लागि आवेदन दिँदा विदेशको र नेपालको नागरिकताको विवरण खुलाउनु पर्ने हुन्छ, जुन एकआपसमा नमिल्न सक्छ । त्यसैले उनीहरूले परिचयपत्र लिन सक्दैनन् र नेपालमा कारोबार गर्न पुरानो नागरिकता प्रयोग गर्नुको अर्को विकल्प हुँदैन । विदेशी नागरिकता नलिएका तर विदेशमा स्थायी वा अस्थायी रूपमा बसोबास गरेका नेपाली नागरिकले पनि गैरआवासीय नेपाली परिचयपत्र लिन सक्छन् । लगानीको सुविधाका लागि उनीहरूले परिचयपत्र लिने गर्छन् । गैरआवासीय नेपाली सम्बन्धी ऐनको दफा ९ ले गैरआवासीय नेपालीको हैसियतले नेपालमा गरेको लगानी रकम र त्यसबाट प्राप्त हुने मुनाफा बराबरको रकम परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान सकिने व्यवस्था गरेको छ ।

विदेशमा रकम लैजाने सुविधा नभएकाले नेपालमा बसोबास गर्ने नेपाली नागरिकले नेपालबाहिर लगानी गर्न पाइँदैन । कतिपय देशले निश्चित पुँजी लगानी गर्ने विदेशी नागरिकलाई सजिलै आवास अनुमति (रेजिडेन्स पर्मिट) दिन्छन् । दुई वर्षभन्दा बढीको रेजिडेन्स पर्मिट हुनेहरूले गैरआवासीय नेपाली परिचयपत्र लिन सक्छन् । त्यसैले विदेशमा लगानी गर्ने प्रायोजनकै लागि मात्र पनि परिचय लिने सम्भावना त छ । गैरआवासीय नेपालीको सरोकार राख्ने निकाय परराष्ट्र मन्त्रालय हो । सुरूका दिनमा गैरआवासीय नेपाली ऐन, नियमावली निर्माण गर्न मन्त्रालयले सकारात्मक भूमिका खेल्यो । तर यस मन्त्रालयले ऐनले परिकल्पना गरेका कतिपय विषयहरू कार्यान्वन गर्न र माथि उठाइएका विषयको नियमन गर्नीतिर ध्यान दिएको छैन । बरू अनावश्यक रूपमा राजनीतिक नेताहरूको निर्देशनमा गैरआवासीय नेपाली संघको निर्वाचन रोक्ने जस्ता संघका आन्तरिक मामिलामा हस्तक्षेप गर्नेतिर समय खर्च गरेको छ ।

उदाहरणका लागि अहिलेको अनलाइन प्रविधि प्रयोग गरेर सदस्यता वितरण गर्ने, उनीहरूको अभिलेख डिजिटलाइज गर्ने र अनलाइनमार्फत निर्वाचन गर्ने, मोबाइल एप्स प्रयोग गरेर संसारभरका नेपालीलाई जोड्ने आदि उद्देश्यका साथ संघले स्मार्ट एनआरएनएको अवधारणा सुरू गर्‍यौं । संघको यो प्रगतिशील कामविरूद्ध केही व्यक्तिले परराष्ट्र मन्त्रालयमा उजुरी दिए । त्यसकै भरमा परराष्ट्र मन्त्रालय, सञ्चार मन्त्रालय र कानुन मन्त्रालयका सहसचिव रहेको एक उच्चस्तरीय छानबिन समिति गठन भयो । राज्यकोषको खर्चमा गरेको छानबिनको न कुनै प्रतिवेदन आयो न कुनै निर्देशन ।

गैरआवासीय नेपाली सम्बन्धी ऐन- २०६३ को दफा-३ मा गैरआवासीय नेपालीको अभिलेख राख्ने व्यवस्था गरिएको छ । जसअनुसार दूतावासहरूले प्रत्येक देशमा भएका गैरआवासीय नेपालीको अभिलेख लिने र मन्त्रालयको केन्द्रीय एकीकृत प्रणालीमा पठाउने व्यवस्था छ । यसको अर्थ जसरी नेपालमा प्रत्येक नागरिकले स्थानीय निकायमा जन्म, मृत्यु, विवाह, बसाइँसराइँ दर्ता गराउनुपर्छ, त्यसरी नै प्रत्येक गैरआवासीय नेपालीहरूले दूतावासमा आफ्नो विवरण दर्ता गराउनुपर्छ भन्ने हो । अभिलेख अनिवार्य गर्न सकियो भने विदेशमा बस्ने आफ्ना नागरिक कति छन्, उनीहरूको ज्ञान र सीप नेपालमा कसरी सदुपयोग गर्न सकिन्छ भन्ने मात्र होइन, गैरआवासीय नेपालीको नाममा अवाञ्छनीय काम गर्नेको गतिविधि निगरानीमा राख्न र कानुनी विषयमा सचेतना जगाउन पनि सकिन्छ । मन्त्रालयको इच्छाशक्ति हुने हो भने प्रविधि प्रयोग गरेर थोरै खर्चमा अभिलेख राख्न सकिन्छ ।

संघले सुरू गरेको डिजिटल प्रविधि भत्काउन हिँड्नुको सट्टा संघसँग सहकार्य गर्न सकिन्थ्यो । परराष्ट्र मन्त्रालयले सुरू गरेको 'ब्रेनगेन सेन्टर' मा लाग्ने आर्थिक भार पनि कम हुने थियो । अभिलेखका लागि दूतावासमा नाम दर्ता गर्न २० डलर तिरेर फारम भर्नुपर्ने व्यवस्था छ । तर अभिलेखबारे धेरै गैरआवासीय अनभिज्ञ छन् । संघको निर्वाचनताका तारे होटलमा जम्मा हुने, नेताहरूको वरिपरि घुम्ने, टेलिभिजनमा देखिने टाइसुट लगाएका सुकिलामुकिला व्यक्तिहरू मात्र एनआरएन हुन् भन्ने भ्रम धेरैलाई छ । यी व्यक्तिहरू आम गैरआवासीय नेपालीका प्रतिबिम्ब होइनन् भन्ने कुरा राज्यले बुझ्न जरूरी छ ।

गैरआवासीय नेपालीका मुद्दा नागरिकता र लगानीसँग मात्र जोडिएका छैनन् । उनीहरूको आयाम फराकिलो छ । गैरआवासीय नेपाली सम्बन्धी ऐनको दफा १५ ले राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवहरू रहेकाले एक सात सदस्यीय एनआरएन सल्लाहकार बोर्डको गठन गर्ने व्यवस्था गरेको छ । यो बोर्डले गैरआवासीय नेपालीको सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीतिगत विषयमा नेपाल सरकारलाई सल्लाह र सुझाव दिने परिकल्पना गरिएको छ । तर मन्त्रालयले बोर्ड गठन गर्न नसकेको वर्षौं भइसक्यो । अहिले देखिएको नागरिकता र सम्पत्ति सुरक्षा जस्ता विषयमा यो बोर्डले सरकारलाई दिने सुझावले महत्व राख्थ्यो । गैरआवासीय नेपालीहरूले सिमाना बाहिरको नेपालको प्रतिनिधित्व गर्ने भएकाले राज्यले यसै अनुसारको सरकारी संरचना बनाउन जरूरी छ । नेपालमा ठूला लगानी गर्ने गैरआवासीय नेपालीहरूभन्दा सर्वसाधारण गैरआवासीय नेपालीले विदेशको नागरिकता लिन बाध्य छन् । विदेशको नागरिकता लिँदा जागिर, छोराछोरीको शिक्षा, स्वास्थ्य, बीमा, पेन्सन, अन्य देशमा भ्रमण गर्दा हुने सहजता आदि कारणले उनीहरूले विदेशी नागरिकता लिन्छन् ।


संविधानको धारा २९१ ले विदेशी नागरिकता लिने नेपालीलाई भन्दा विदेशमा स्थायी बसोबास (पिआर, ग्रिनकार्ड) भएका व्यक्तिहरूप्रति राष्ट्रको नीति कठोर बनाएको कारणले पनि केही व्यक्तिहरूले विदेशी नागरिकता रोज्ने गरेका छन् । उच्च वर्गका मानिसहरूलाई सर्वसाधारण गैरआवासीय नेपालीलाई जस्तो विदेशी नागरिकता लिन बाध्यता छैन । नेपाल फर्केर केही गरौंला भन्ने महत्वाकांक्षा राखेकाले पनि विदेशी नागरिकता लिएका हुँदैनन् । गैर आवासीय नेपाली संघका धेरै पदाधिकारीले अझै नेपालको नागरिकता कायम राखेका छन् । अन्य केहीले परिवारको कमसेकम एक सदस्यको नेपाली नागरिकता कायम राख्ने गरेका छन् ।

विदेशको नागरिकता लिएर नेपाली नागरिकता प्रयोग गर्ने नेपालीको संख्या यकिन गर्ने संयन्त्र राज्यसँग छैन । त्यस्ता नेपाली खोज्न सम्भव पनि छैन । त्यसैले एकपटकलाई निश्चित समयसीमासम्म (जस्तै गैरआवासीय नेपाली नागरिकता कार्यान्वयन हुने मिति सम्म) विदेशी नागरिकता प्रयोग गरी नेपालमा जोडेको सम्पत्तिको स्वघोषणा गर्न लगाई कानुनी दायराभित्र ल्याउन सक्यो भने राज्य र गैरआवासीय नेपाली दुबैको हितमा हुनेछ । यस्तो गर्न सकिएन र सम्पत्ति असुरक्षित हुने अवस्था आयो भने सम्पत्ति बेचेर गैरकानुनी ढंगले पैसा पुन: विदेश पलायन हुनेछ । उनीहरूले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्र धान्न सहयोग गरेको राज्यले बिर्सनु हुँदैन । संविधानको धारा १४ को मर्मअनुसार पनि उनीहरूको सम्पत्तिको सुरक्षा गर्ने दायित्व राज्यको हो ।

नागरिकता ऐन संसदबाट पारित गरी छिटोभन्दा छिटो गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा ल्याउन सकियो भने पहिलेका गैरआवासीय नेपालीहरू नेपालको नागरिकता प्रयोग गर्न बाध्य हुने थिएनन् । साथै गैरआवासीय नेपाली परिचयपत्रले पाउने सुविधाको दुरूपयोग हुने छिद्रहरू बन्द गर्न राज्य स्वयं समयमा नै चनाखो हुन जरूरी छ । गैरआवासीय नेपालीहरू समस्या समाधान गर्न र उनीहरूको अथाह सम्भावनालाई देशको हितमा प्रयोग गर्न परराष्ट्र मन्त्रालयको अहिलेको संरचना व्यापक परिवर्तन ल्याउनु पर्छ वा मन्त्रालय स्तरको छुट्टै निकाय खडा गर्नुपर्छ ।

*(साभार: सेतोपाटी)*

# कहिले फर्केला किसानको 'सान' ?



✍ दिपेश नेपाल

चितवन जिल्लाका किसानले आफ्ना उत्पादनले न्यूनतम मूल्य पनि नपाएपछि माघ २० गते नारायणगढ सडकमा टमाटर, काउली, बन्दालगायतका उत्पादन पोखेर विरोध जनाए । यस्तै माघ २४ गते झापाका किसानले अन्डाले बजार मूल्य नपाएको भन्दै कुखुरासहित सडकमै प्रदर्शनी गरे । सामाजिक सञ्जालमा चितवनको विरोध कार्यक्रमको एउटा पोस्टर खुब भाइरल भयो । पोस्टरमा लेखिएको थियो 'बारीमा जाऔँ भविष्य छैन, खाडीमा जाऔँ उमेर छैन' ।

देशको कुल गार्हस्थ्य उत्पादनमा पहिलो र दोस्रो हिस्सा ओगटेको रेमिट्यान्स र कृषि क्षेत्रमा नअटाउँदाको निराशा बोकेको पोस्टरले धेरैजसो नेपालीको बाध्यता बताएको थियो । किसानले बारम्बार सडकमा आफ्नो उत्पादन पोखेर विरोध गर्दै आइरहेका छन् । कहिले दूध, दही सडकमा पोखेर, कहिले तरकारी फलफूल सडकमा पोखेर आफ्नो उत्पादनको न्यूनतम मूल्य सुनिश्चितताका लागि किसानहरू सडकमा आउने गरेका छन् ।

उत्पादनका लागि आवश्यक पर्ने मल, बीउको अभावको पीडा होस् या उत्पादन भएका वस्तुले बजार नपाउँदाको छटपटीले अहिले सबै किसान आफूलाई असुरक्षित भएको महसुस गरि रहेका छन् । प्रत्येकको बिहान बेलुकीको छाक टार्न घाम पानी नभनी पसिना बगाउने यस्ता किसानको अहिले 'सान' लुटिएको अवस्था छ ।

पहिला किसानको छुट्टै 'सान' थियो । बारीमा छर्न आफूले जतन गरेर राखेका बीउबिजन हुन्थ्यो, गोठभरि गाईवस्तुको मलबाट बनेको कम्पोस्ट हुन्थ्यो । घरमै हलगोरु हुन्थे भने अर्मपर्म गर्ने छिमेकी हुन्थे । गाउँघरको सबैभन्दा जान्ने र बुझ्ने नै किसान थिए । कुन समयमा कुन बाली लाउने, कति मल हाल्ने कसरी खनजोत गर्ने, बारीमा के रोप्ने आलीमा के रोप्ने सबै निर्णय किसानसँगै हुन्थ्यो । चौतारीहरूमा अनुभवबाट खारिएका ज्ञानहरू आदान प्रदान हुन्थ्यो ।

सन् १९४० को दशकमा विश्वमा विकसित हरित क्रान्तिको छिर्काहरू नेपालसम्म पनि आइपुग्यो । औपचारिक रूपमै सन् १९७५ मा पुल्चोकस्थित जगदम्बा भवनमा जेटीए तहको पढाइ पनि सुरु भयो । प्रजातन्त्रको आगमनसँगै योजना निर्माण र विकासका कार्यक्रमहरू सञ्चालन गर्ने लहर आयो र सरकारी जागिरको अवसर पनि खोलिए । योसँगै देशमा घोषित कृषि विज्ञहरूको जन्म भयो र कृषि जस्तो प्रयोगात्मक प्राविधिक शिक्षाको विज्ञता किताबमा खोजिन सुरु भयो ।

हरित क्रान्तिसँगै नेपालको कृषि पनि उत्पादकत्व केन्द्रित भएको पाइन्छ । गरिबी घटाउने मुख्य उद्देश्य राखेर तयार गरिएका पहिलो, दोस्रो लगायतका आवधिक योजनामा पनि उत्पादकत्व वृद्धिलाई गरिबी न्यूनीकरणको मुख्य आधारका रूपमा उभ्याइयो । उत्पादकत्व वृद्धिका लागि हाइब्रिड बीउ, रासायनिक मललाई विशेष प्राथमिकतामा राखियो र वैदेशिक सहायतामा कृषि प्रसारका कार्यक्रमहरू बनाइयो ।

आफ्नो माटो र विशेषता नबुझी लहडको भरमा घोषित कृषि विज्ञहरूले वैदेशिक विज्ञसहितका सल्लाहमा उत्पादनमुखी एकल कृषि खेतीको सपना तयार गरेर गाउँगाउँमा आधुनिक खेतीको जन्म गराइयो । कृषि प्रसारका कार्यक्रमहरूले प्रचार, प्रसार र सहयोग गरेका आधुनिक खेती गाउँमा छिर्न थालेपछि नै किसानहरू अनपढ र अबुझ घोषित भए ।

चार पाँच वर्ष किताबी ज्ञान पढेर केही अंग्रेजी बोल्न सक्ने घोषित विज्ञको अगाडि हजारौं वर्ष प्रयोग भएको प्रयोगात्मक ज्ञान बोकेका किसानलाई अज्ञानीमा सूचीकृत गरियो । सर कारले नै खेतीपातीको प्रमुख समस्याको रूपमा 'किसानमा ज्ञानको कम'लाई देखाएर गाउँगाउँ ज्ञान मात्र बाँड्न घोषित विज्ञहरूलाई पठायो र सुरु भयो आधुनिक खेतीको विस्तार । विश्वमा खाद्यान्नको अभावको कारणबाटै ठुलो संख्यामा ज्यान गुमाएका र बसाइँसराइ भएको प्रशस्तै उदाहरण छन् ।

नेपालमा पनि लामो खडेरीको कारणले भएका भोकमरीका कथा धेरै नै सुन्न पाइन्छ । खाद्यान्न अभाव र नुनसँगै जोडिएर आउँछ चीन र भारतसँगको व्यापारको इतिहास । पहिले कृषि उपजको व्यापार उत्पादनहरू आदान प्रदान गरेर र जिन्सी (सुन, चाँदी, फलाम) सामानसँग सट्टा गरेर गर्ने गरिन्थो ।

मानव सभ्यताको विकाससँगै विकसित भएको मुद्राको व्यवस्था र विश्वव्यापीकरणसँग जोडिएर खाद्यान्न र कृषिमा रकमी व्यापारको प्रवेश भएको पाइन्छ । मानव सभ्यतासँगै कार्यगत विभाजन पनि हुँदै गयो । कृषि र उत्पादन प्रमुख पेसा हुने मानिसहरूको संख्या घट्दै गयो र कृषि उत्पादन पनि व्यापारको प्रमुख हिस्सा बन्न पुग्यो । विश्व व्यवसायीकरणको प्रभावबाट नेपाल अछुतो हुने कुरै भएन ।

मानिसका आवश्यकता दिन प्रतिदिन बढ्दै गए । आन्तरिक द्वन्द्व र आवश्यकताहरूको वृद्धिसँगै नेपालीहरूको वैदेशिक रोजगारमा जाने क्रम पनि बढ्दै गयो भने नेपालमा रुपियाँको चलनचल्ती पनि अस्वाभाविक रूपमा बढ्दै गयो । वैदेशिक रोजगारीमा नजानेहरूलाई पनि आधार भूत आवश्यकता पूर्ति गर्न रुपैयाँ जम्मा गर्नैपर्ने बाध्यता बढ्दै गयो । यही बाध्यता नै राजनीतिक नेतृत्वका लागि भाषण बन्यो भने ठुला कम्पनीहरूको लागि व्यापार । कृषि उपजबाट मालामाल हुने भाष्य स्थापित गर्न र बजारको प्रभाव विस्तार गर्न व्यावसायिक कृषि जन्माइयो ।

यसरी करिब आठ दशकमा विकसित भएका आधुनिक तथा व्यावसायिक कृषिले किसानहरूलाई सपना मात्र देखाए, अज्ञानी र अबुझको दर्जा भिराए र परनिर्भर बनाए । घरमै बीउ, घरमै मल, घरमै हल गोरु र अर्मपर्ममा खेताला लाउने किसानलाई एग्रोभेटको बीउ, सहकारीको मल, साहुको ट्याक्टर खोज्न बाध्य बनाए । अहिले बारीमा कुन बाली लाउने बजारले निर्णय गर्छ कुन बीउ लगाउने एग्रोभेटले निर्णय गर्छ ।

उत्पादनको लागतको हिसाब किसानसँग हुन्छ तर मूल्यको बिचौलियाले निर्धारण गर्छ । सरकारी योजनाहरूमा बीउ प्रतिस्थापन दरलाई कृषि क्षेत्रको विकासको सूचक बनाइन्छ र विदेशी कम्पनीको स्वामित्वमा उत्पादन गरिएको बीउमा अनुदान प्रदान गरिन्छ । किसानको आधारभूत आवश्यकता पूर्तिको सपना सहित बैङ्क, वित्तीय संस्था तथा सहकारीले चर्को ब्याजदरमा ऋण प्रवाह गर्छन् । त्यही ऋणमा कृषि सामग्रीहरू बिक्री गर्छन् ।

राजनीतिक दल र यसका नेता चुनावैपिच्छे कृषिको आधुनिकीकरण र व्यवसायीकरणको रटान लगाउने गर्छन् । यसरी प्राथमिक उत्पादन क्षेत्रलाई नै परनिर्भर बनाएर, किसानलाई बन्धकीमा राखेर बाँडिने समृद्धिको सपनाले आधा दर्जनभन्दा बढी मन्त्रालय बनाउन त सघाएको छ, सयौँको घरबार चलाएको छ तर लाखौं किसानका आवाज सडकमा आउन बाध्य भएका छन् भने नेपालको कृषि क्षेत्रलाई झन् धराशायी बनेको छ । किसानहरू आफ्नो अवस्था बदलनका लागि व्यवस्था बदल्ने आन्दोलन पटक पटक सडकमा आए । व्यवस्था पनि पटक पटक बदलियो तर अवस्था जस्ताको त्यस्तै रह्यो । बदलिएको व्यवस्थाले आफ्नो दैनिकी नबदलिएपछि आज सबै किसान आफ्नो अवस्था मात्र बदल्न सडकमा छन् ।

नेपालमा घोषित कृषि विज्ञहरूको विज्ञता, विश्व बजारको आधुनिकता र बजारको व्यावसायिकता नै किसानको अपमानमा टिकेको अवस्था छ । समग्र कृषि क्षेत्रको विकास र कृषि क्षेत्रबाटै समृद्धि चाहने हो भने यहाँको धेरै जनसंख्या ओगटेको किसानको सान फर्काउन जरुरी छ । किसानको अवस्था परिवर्तन गर्न कृषि विज्ञको भाष्य र कृषिको आधुनिकीकरण र व्यावसायिक मोडेल नै परिवर्तन गर्नुपर्ने देखिन्छ ।

नेपालको कृषिलाई तुलनात्मक लाभ लिन सक्ने गरी विकसित गरिनुपर्छ । यहाँको भौगोलिक विविधता, साना किसानको उत्पादन प्रणाली, जैविक विविधताको संरक्षण, प्रांगारिक उत्पादनसहितको कृषि पर्यटनलाई विशेष जोड दिनुपर्छ । हजारौं वर्षदेखि प्रयोगात्मक अभ्यासबाट छनोट भएका ज्ञानको सङ्कलन, संवर्धन र प्रसार गर्नुपर्छ । यहाँको अथाह रैथाने सीप ज्ञान र विविधता संरक्षण गर्न, सिक्न र सिकाउन पर्यावरणीय कृषि अध्ययन केन्द्रहरूको निर्माण र विस्तार गर्नपर्छ । नेपालमा धेरै सम्भावना भएको बीउबीजन उत्पादन र जडीबुटी उत्पादन र प्रशोधनमा जोड दिनुपर्छ । हरेक स्थानीय क्षेत्रलाई त्यहाँको विशेष कृषि उत्पादनसँग जोडेर पहिचान दिनुपर्छ । यद्यपि व्यावसायिकता र आधुनिकताको नाममा प्राथमिक उत्पादन क्षेत्रमा वैदेशिक लगानी, भूमि बैङ्क, रासायनिक मल कारखानाको स्थापना जस्ता निर्णय गर्ने सरकार, योजना अगाडि सार्ने विज्ञ र कार्यान्वयन गर्न कम्मर कस्ने कर्मचारी रहँदासम्म न त नेपालको कृषिको अलग पहिचान बन्ने छ न त किसानको सान नै फर्किने छ ।

*(साभार: रातोपाटी)*

# चुनावबाट भाग्दैछन् ठूला विद्यार्थी संगठन



काठमाडौं/रन्जित तामाङ

अखिल क्रान्तिकारीका एक्ला अध्यक्ष हुन्, जसलाई विद्यार्थीहरुले चुने । बाँकी हालसम्मका सबै २१ अध्यक्षलाई पार्टीले छान्यो । आफूलाई प्रगतिशील, वैज्ञानिक, अग्रगामी भनिने नेकपा माओवादी केन्द्रको विद्यार्थी संगठनको हालत यस्तो छ ।

अखिल क्रान्तिकारीको इतिहासमै एकपटक मात्रै निर्वाचित नेतृत्व चयन भएको छ । जबकि यस बीचमा अखिल (क्रान्तिकारी) ले २२औं राष्ट्रिय सम्मेलन गरिसकेको छ । २०७४ भदौमा भएको २१ औं सम्मेलनबाट तामाङ अध्यक्ष चुनिएका थिए ।

२०२२ सालमा जेठमा भएको महाधिवेशनलाई नेकपा एमाले र माओवादी केन्द्रको विद्यार्थी संगठनले पहिलो महाधिवेशनका रुपमा लिने गरेका छन् । उक्त मितिका आधारमा २२ वटा महाधिवेशन हुँदा २१ जनालाई अखिल (क्रान्तिकारी) ले टिकेप्रथाबाट चयन गरेको छ ।

नियमित समयमा महाधिवेशन हुँदै आएको भए अखिल (क्रान्तिकारी) ले २७औं अध्यक्ष पाइसकेको हुने थियो । मनोनीत प्रणालीले संगठनमा विकृति निम्तिएको अखिल (क्रान्तिकारी) का पूर्वअध्यक्ष हिमाल शर्मा बताउँछन् ।

२२औं राष्ट्रिय सम्मेलनबाट अखिल क्रान्तिकारीको संगठन झनै भद्रगोल अवस्थामा पुगेको छ । २०७८ असोजमा भएको २२औं राष्ट्रिय सम्मेलनले पञ्चा सिंहलाई अध्यक्ष बनायो । पहिलोपटक महिलालाई संगठनको नेतृत्वमा पुऱ्याउने भन्दै सिंहलाई मनोनीत गरियो । तर, सिंहलाई अध्यक्ष मनोनीत गरेपछि संगठनमा समानान्तर कमिटी बनाइयो ।

समानान्तर किमिटीको नेतृत्व पवन कार्कीले गरे । विवाद बढ्दै गएपछि दुवै कमिटी भंग गरिएको छ । माओवादी केन्द्रको स्थायी समिति बैठकले राष्ट्रिय सम्मेलन आयोजक समिति बनाउने र स्ववियु चुनावपछि राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । अखिल (क्रान्तिकारी) मा अहिले देखिएको समस्या वैचारिक नभएर पदीय भएको उक्त संगठनका पूर्वअध्यक्ष शर्मा बताउँछन् । 'अहिलेको समस्या सांगठनिक समस्या हो । वैचारिक समस्या होइन, पदीय समस्या हो,' शर्माले भने ।

दुई पक्षको विवादले ५ चैतमा हुने स्ववियु चुनावलाई समेत असर गर्ने भएपछि पार्टीले राष्ट्रिय सम्मेलनमा जाने निर्णय लिएको हो । यसअघि दुई पक्षको विवाद अध्ययन गरी सुझाव दिन कार्यदल समेत बनाइएको थियो । उक्त कार्यदलले दिएको सुझाव प्रतिवदेनले पनि विवाद सुल्झिन सकेन । संगठनलाई सुदृढीकरण निर्वाचन प्रणालीबाट मात्रै हुने शर्माको जिकिर छ । संगठनभित्र देखिएको समस्या निराकरणका लागि निर्वाचनमा जानै पर्दछ । 'राष्ट्रिय सम्मेलनबाट नेतृत्व छनोट गर्दा निर्वाचन प्रणालीबाट गर्नुपर्दछ,' शर्माले भने, 'मनोनीत एउटालाई गर्दा अर्को रिसाउने, उ पऱ्यो, उ परेन भन्ने विवादले समानान्तर कमिटी बनिरहेका छन् ।'

१६ महिना कार्यकाल सम्हालेकी सिंहको कार्यकालमा विवाद सिर्जना गरिएकै कारण संगठनले गति लिन सकेन । उनले बनाएको केन्द्रीय कमिटीको विरोधमा कार्की समूह उत्रिएको थियो । केन्द्रीय कमिटीमा राखिएका नाम विधि, पद्धति र मापदण्ड अनुसार नभएको कार्की पक्षको तर्क थियो । एकपक्षीय कमिटी भएको भन्दै उनी पक्षधरले समानान्तर अभ्यास गर्दै आएका थिए ।

कार्की महासचिव हुन चाहन्थे तर दीपेश पुनलाई महासचिव बनाएर उनलाई उपाध्यक्ष बनाइएको थियो । त्यसपछि कार्कीले असन्तुष्टि जनाउँदै पार्टी अध्यक्ष प्रचण्डलाई ध्यानाकर्षण पत्र बुझाए । ध्यानाकर्षण पत्र बुझाएपनि संगठनको विवाद साम्य भएन । कार्कीलाई वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठको साथ थियो । पूर्वअध्यक्ष शर्मा पार्टी नेताहरुले आड दिँदा नै समानान्तर कमिटी बन्ने गरेको बताउँछन् ।

**नेविसंघमा टिके प्रथालाई प्रश्रय**

कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघले तेस्रो महाधिवेशनदेखि नै टिके प्रथा अभ्यास गर्दै आएको हो । २०३६ सालमा भएको नेविसंघको तेस्रो महाधिवेशनमा कांग्रेस संस्थापक नेता वीपी कोइरालाले विमलेन्द्र निधिलाई टिको लगाएर अध्यक्ष बनाएका थिए । त्यो क्रम आज पर्यन्त उस्तै छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा नेविसंघकै उत्पादन हुन् । केन्द्रीय पदाधिकारीदेखि लिएर कतिपय केन्द्रीय सदस्यको राजनीतिको जग नेविसंघ हो । संस्थापक अध्यक्ष विपीन कोइराला भने पाटीको केन्द्रीय भूमिकामा छैनन् । नेविसंघका उत्पादन उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्री किशोरसिंह राठोर, बद्री पाण्डे, महेन्द्र यादवसमेत हुन् । यीमध्ये महामन्त्री थापा बाहेकले नेविसंघको मूल नेतृत्व सम्हालेका थिए । नेविसंघका पूर्वअध्यक्ष बालकृष्ण खाँण, ज्ञानेन्द्रबहादुर कार्की, बलबहादुर केसी, एनपी साउद, गोविन्द भट्टराई, कल्याण गुरुङ र प्रदीप पौडेल पार्टीको केन्द्रीय समितिमा छन् ।

निर्वाचित भएर संघको नेतृत्वमा पुग्ने सीमित छन् । मनोनीत नभई संघको अध्यक्ष बन्नेहरुमा संस्थापक अध्यक्ष बिपीन कोइराला, दोस्रो अध्यक्ष बनेका हालका सभापति देउवा, महामन्त्री विश्वप्रकाश शर्मा, नेताहरु एनपी साउद, गुरुराज घिमिरे, प्रदीप पौडेल, कल्याण गुरुङ लगायत छन् ।

११औं महाधिवेशनबाट पार्टीभित्रका समूहमा भागबन्डा गरी नेतृत्व सहित पदाधिकारी चयन गरियो । दुई वर्षे कार्यकाल रहेका नैनसिंह महरले समयमा महाधिवेशन गराउन सकेनन् । पार्टी नेतृत्वले राजीनामा दिन दबाब दिएपछि पद त्यागे । त्यसपछि संघमा झनै विकृति मौलायो । २०७६ सालमा सभापति देउवाले राजीव ढुङ्गानाको नेतृत्वमा तदर्थ समिति बनाए । तदर्थ समितिमा पदाधिकारीलाई समेत पूर्णता दिइएको थिएन ।

कोरोनाको कारण महाधिवेशन गराउन नसकिएको कठिनाई उनले पार्टीमा सुनाए । उनको कार्यसमितिले पूर्णता पाउन सकेन । ढुङ्गाना केन्द्रीय समितिमा निर्वाचित भए । २०७८ सालको फागुनमा दश भ्रातृ संस्थाको केन्द्रीय समिति भंग गर्दा नेविसंघ पनि नेतृत्वविहीन हुन पुग्यो । तदर्थ समिति पनि रहेन ।

२०७८ को चैतमा सभापति देउवाले १२औं महाधिवेशन गर्ने संघको अध्यक्षमा दुजाङ शेर्पालाई मनोनीत गरे । प्रतिनिधि सभाको चुनाव सकिएको तीन महिनाभित्र निर्वाचित कार्यसमिति ल्याउने जिम्मेवारी पाएका शेर्पा संघमा एक्लो छन् । पार्टी निर्णय अनुसार शेर्पाको कार्यकाल फागुनमा सकिन्छ । यस बीचमा संघले पूर्ण कार्यसमिति पनि पाएन । पार्टीभित्रका समूहहरुले शेर्पा नेतृत्वको तदर्थ समितिमा पर्नका लागि नाम संकलन गरिरहेका छन् । पार्टीले सूची निकाल्न सकेको छैन । तदर्थ समितिले कहिले पूर्णता पाउनेमा पार्टीका नेताहरु नै अलमलमा छन् ।

नेविसंघका पूर्वअध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य राजीव ढुङ्गानाले संघको तदर्थ समितिले पूर्णता पाउने समय यकिन नभएको बताए । संघको तदर्थ समितिले पूर्णता प्राप्त गरेपछि मात्रै १२औं महाधिवेशनको प्रक्रियाले गति लिन्छ । नेविसंघमा विधानत: २ वर्षमा महाधिवेशन गर्नुपर्ने प्रावधान छ ।

**अनेरास्ववियूमा कांग्रेस-माओवादीको सिको !**

आन्तरिक संगठन सन्चालनमा एमालेले विगतमा कांग्रेस र माओवादीलाई उछिन्ने गरेको थियो । चाहे आफ्नो पार्टी पद्दति होस् या भ्रातृ संस्थाहरुको सन्चालन-एमालेले केही उदाहरणीय अभ्यास पनि गरेकै हो । २०६३ साल अघि निर्वाचनमार्फत अध्यक्ष चुन्ने व्यवस्था अनेरास्ववियुमा थिएन । राष्ट्रिय परिषद्‌बाट अध्यक्ष बनाउने विधि बनाइएको थियो । प्रतिनिधिहरु देशभरबाट भेला भए पनि निर्वाचन नगरी मनोनित गर्ने परम्परा थियो ।

अनेरास्ववियुमा पहिलो निर्वाचित अध्यक्ष ठाकुर गैरे हुन् । उनी २०६३ सालमा निर्वाचित भएका थिए । त्यसपछि रामकुमारी झाँक्री र माधव ढुंगेल निर्वाचित अध्यक्ष हुन् । २०७२ सालमा अखिलको २२औं महाधिवेशनबाट अध्यक्षमा नविना लामा निर्वाचित भएकी थिइन् । २०७४ सालमा एमाले र माओवादी केन्द्रको एकीकरण हुँदा अनेरास्ववियुको नियमित अधिवेशन हुन सकेन ।

दुई दलको एकता हुँदा एमालेबाट अनेरास्ववियुको संयोजक हुने भागबन्डा अनुसार ऐन महर मूल नेतृत्वमा तोकिए । २०७४ सालमा हुनुपर्ने महाधिवेशन दुई दलको एकताका कारणले हुन सकेन । २०७८ असोजमा अध्यक्ष सुनिता बराल मनोनीत भइन् । महर करिब साढे दुई वर्ष अध्यक्ष बने । सुनिताको कार्यकाल १५ महिना रफयो । बराल अध्यक्ष हुँदा जतिसक्दो छिटो महाधिवेशन गर्ने पार्टीको निर्देशन थियो । तर, महाधिवेशन हुन सकेन ।

अहिले उनी समानुपातिक सांसद बनेकी छिन् । निर्वाचित अध्यक्षविना अनेरास्ववियुले पाँच वर्ष कटाएको छ । पार्टी एकता र कोरोनाका कारणले नियमित अधिवेशन हुन नसकेको अनेरास्ववियुको पूर्वअध्यक्ष बराल बताउँछिन् ।

'पार्टी एकताको सन्दर्भ र कोभिडले सम्मेलन हुन नसकेको हो । अनेरास्ववियुका कारणले हुन नसकेको होइन । पार्टी एकता भए पनि एक वर्ष अलमल जस्तै भयो,' बरालले अनलाइनखबरसँग भनिन्, 'महाधिवेशनको तयारीमै थियौं । तीन तहको निर्वाचनले गर्दा महाधिवेशनको तयारीमा लाग्न सकिएन ।' अनेरास्ववियुले फागुन २ देखि ४ सम्म २३औं महाधिवेशन गर्ने भएको छ । आन्तरिक प्रतिष्पर्धा गर्न पाइने भनिए पनि यसपल्ट पोहोर सौराहा महाधिवेशनकै शैली अखिलमा पनि अपनाइने सम्भावना छ ।

महाधिवेशन अगावै पार्टी अध्यक्ष केपी ओलीले प्यानल बनाउन नपाइने, सकभर सहमति खोज्नुपर्ने निर्देशन दिएका छन् । उनकै भनाइमा सही थाप्दै एमालेका पूर्वविद्यार्थी नेताहरुले यसअघिका महाधिवेशन जस्तो पार्टीभित्र विभिन्न समूह नभएकाले विद्यार्थी संगठनमा पनि प्यानलगत अभ्यास गर्न नपाइने भनेका हुन् । तर विद्यार्थी नेताहरुले पनि प्रतिष्पर्धालाई बन्देज गर्न नहुनेमा जोड दिएका छन् । अध्यक्ष पदमा आरसी लामिछाने, समिक बडाललगायत आकांक्षी छन् ।

महासचिव पदमा नरेश रोकाय, कल्पना वाइवा, गोविन्द गिरीलगायत आकांक्षी छन् । यी सबै विगतमा केपी ओली समूहकै थिए । हाल एमालेमा देखिनेगरी कुनै गुट नभएका अवस्थामा उनीहरुलाई व्यक्तिगत सबलताका आधारमा प्रतिष्पर्धा गर्न पार्टीले निर्देशन दिएको छ । 'लोकतान्त्रिक तरिकाले नै नेतृत्व निर्माण हुनुपर्छ भन्ने पार्टीको भनाई हो, प्रतिष्पर्धालाई बन्देज छैन,' महासचिव पदकी आकांक्षी रहेकी हालकी अखिल केन्द्रीय उपाध्यक्ष कल्पना वाइवाले भनिन्, 'हामी सकभर सहमति, नत्र प्रतिष्पर्धालाई नै जोड दिने संगठन हौं । विगतमा भएका अभ्यासहरुबाट पनि सिकेका छौं ।'

वाइवाले दाबी गरेजस्तै अनेरास्ववियु पुरानो लोकतान्त्रिक प्रतिष्पर्धाको बाटोमा फर्कने हो कि फेरि टिके प्रथाले नै ठाउँ पाउने हो भन्ने हेर्नचाहिँ अर्को सातासम्म कुर्नैपर्ने हुन्छ । विद्यार्थी नेताहरुको भनाइमा यी तीनमध्ये कुनै एउटा संगठनले आन्तरिक प्रणाली सुधार गर्यो भने पनि अरु बाँकी संगठनलाई स्वत: रचनात्मक दबाव पर्न जान्छ । 'अन्यथा टिके प्रथा नै चलिरहला, आफैंले नथालेको सुधार अरु कसले थाल्लान् र ?' एक विद्यार्थी नेताले भने ।

*(स्रोत: अनलाइनखबर)*

# चुरे संरक्षणमा चुनौती बन्दै क्रसर उद्योग

धनुषा/वन, वनस्पति लगायत जैविक विविधताका दृष्टिकोणले समृद्ध मानिने चुरे शृंखलाबाट बग्ने नदीनालाको अत्यधिक दोहनले चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । जथाभावी रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरेपछि चुरे जोखिमा परेको हो ।

समुन्द्री सतहदेखि छ सय १० मिटरदेखि एक हजार आठ सय ७२ मिटरसम्मको भू-क्षेत्र चुरे क्षेत्र हो । नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको, कमजोर र पत्रे चट्टानले बनेको भू-भाग नै चुरे हो । चुरेले सातै प्रदेशका ३७ जिल्लाको १८ लाख ९६ हजार दुई सय ५१ हेक्टर ओगटेको छ ।

चुरे जैविक र प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण र उपयोगी छ । हावापानी समशीतोष्ण भएकै कारण चुरेमा विभिन्न वन्यजन्तुका साथै साल, सिसौं, खयर, अमला, हर्रो, बर्रोलगायत औषधिजन्य बिरुवा प्रशस्त पाइन्छन् । जैविक विविधता तथा प्राकृतिक सम्पदाले धनी मानिएको चुरे कमजोर भू-बनोटका कारण संवेदनशील क्षेत्रका रूपमा चिनिन्छ ।

बढ्दो जनघनत्वका कारण वन पैदावारमा अत्यधिक चाप बढेपछि चुरे क्षेत्रमा वन विनाश बढेको छ । क्षयीकरणले पर्यावरणीय समस्यासमेत देखिएको छ । सरकारले चुरे संरक्षणका लागि प्रत्येक वर्ष लाखौं खर्च गर्ने गरे पनि वन, जङ्गल र खोला किनारमा अवैध रुपमा क्रसर उद्योग सञ्चालन गर्दा यसको संरक्षणमा चुनौतीपूर्ण बनेको छ । धनुषा र महोत्तरीको सिमानामा पर्ने रातु खोला वरिपरि मात्र पाँच क्रसर उद्योग अवैधरूपमा सञ्चालित छन् ।

सरोकारवाला निकाय यसलाई रोक्न गम्भीर नेदेखिँदा वन विनाश अत्यधिक बढेको छ । क्रसर उद्योग सञ्चालकले नदी खोलाबाट जथाभावी ढुङ्गा, बालुवा र गिट्टी उत्खनन गर्दा तटबन्धसमेत जोखिममा छन् । किसाननगरकी रीता भट्टराई जथाभावी बालुवा झिक्दा तटबन्ध भत्किने खतरा बढेको बताउँछिन् ।

घरेलु तथा साना उद्योग कार्यालयले क्रसर उद्योग सञ्चालन गर्दा तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि पाँच सय मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, सांस्कृतिक पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनाबस्तीदेखि दुई सय मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्ने व्यवस्था गरेको छ । तर सो मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालनमा छन् । घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयवासीको गुनासो छ ।

नदी तथा खोला उत्खनन गरी ढुङ्गा, गिट्टी र बालुवा जिल्ला बाहिर तथा भारततर्फ निकासी गरिँदै आएको छ । स्थानीय तहले आम्दानीको लोभमा नदी तथा खोला ठेक्का लगाउने गरेका छन् । अन्धाधुन्ध रुपमा चुरे उत्खनन गरिएपछि नदी तथा खोलाको बहाव परिवर्तन हुने गरेको छ । सामुदायिक वन उपभोक्ता महासै मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्मा चुरेमा जथाभावी रुपमा क्रसर उद्योग सञ्चालन गर्दा तराईमा भू-क्षयको जोखिम बढेको बताउँछन् । 'यसलाई रोक्न ठोस नीति आवश्यक छ । अवैधरुपमा सञ्चालित क्रसर उद्योग तत्काल बन्द गर्नुपर्छ' उनले भने ।

हालै नेपाल वन प्राविधिक सैले चुरे विनाशको सामाजिक र आर्थिक प्रभावबारे अध्ययन अनुसन्धान गरेको छ । पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोलाको जलाधार क्षेत्रको अध्ययनपछि प्राप्त तथ्याङ्कका अनुसार तावा खोलाको बहावका कारण बर्सेनि सर्वसाधारणले ज्यान गुमाउने गरेका छन् ।

चुरे क्षेत्रका विषयमा विद्यावारीधि गरेका महोत्तरीको भङ्गहा-७ का डा. विजयकुमार सिंह बस्ती नै सकिने गरी बढेको बाढीको जोखिम निदानका लागि समाधान खोज्नुपर्ने बताउँछन् । चुरेमा अव्यवस्थित बसोबास, विकासका नाममा सडक विस्तार, वैज्ञानिक अध्ययनबिना पहाड भत्काउने, चुरे र नदीमा हुने अनियन्त्रित उत्खनन लगायत कारणले वन विनाश बढेको उनले बताए ।

'अधिकांश बस्ती जोखिममा छन्', डा. सिंहले भने, 'चुरे संरक्षण नगरे मधेस क्षेत्र डुबानमा पर्छ, उब्जाउ जग्गा मरुभूमिमा परिणत हुनेछ ।' सै, प्रदेश र स्थानीय तहले चुरे संरक्षणको नीति बनाउनुपर्नेमा उनले जोड दिए ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# दोस्रो शनिबार पनि 'ह्यारी कि प्यारी'लाई दर्शकको प्यार



काठमाडौं/अघिल्लो शुक्रबारबाट प्रदर्शनमा आएको डा. कपिल रिजालद्वारा निर्देशित फिल्म 'ह्यारी कि प्यारी'ले दोस्रो साताको शनिबार घरेलू बक्सअफिसमा सुखद् कमाई गरेको छ । अघिल्लो शनिबार पनि फिल्मको व्यापार सुखद् थियो । दोस्रो शनिबार राजधानीका क्यूएफएक्सको भक्तपुर, लाबिम मलका साथै वान् सिनेमा, एफक्यूबलगायतमा फिल्मको दिवा र रात्री शो प्राय: हाउसफुल थिए ।

शनिबार देशभरका हलमा ५० देखि ६० प्रतिशत अकुपेन्सी रहेको फिल्मका प्रमुख कलाकार जितु नेपालले जानकारी दिए । उनले फिल्मको इनिसियल ओपनिङ बम्पर नभए पनि 'वर्ड अफ माउथ'ले हलमा लामो समयसम्म टिक्ने विश्वास व्यक्त गरे । व्यवसायिक घरानाबाट समेत फिल्म हेर्न आइरहेको बताउँदै उनले परिवार सहित आउने दर्शकको संख्या पनि राम्रो देखिएको बताएका छन् ।

शनिबार साँझ हाउसफुल दर्शकसँग भेट्न लाबिम मल पुगेका जितुसँग सेल्फी खिच्नेहरुको ठूलो भीड लागेको थियो । उनले गरेको फेसबुक लाइभमा प्राय: दर्शकले फिल्मको कथावस्तु र जितुको अभिनयको प्रशंसा गरेको सुन्न सकिन्थ्यो । एक महिला ६ महिने बच्चा च्यापेर समेत फिल्म हेर्न पुगेकी थिइन् । त्यस्तै, 'महापुरुष' निर्देशक प्रदीप भट्टराईले पनि परिवारसहित फिल्म हेरेका छन् । दोस्रो शुक्रबारसम्म ८५ लाख ग्रस कलेक्सन गरेको फिल्मले शनिबारको व्यापार बाट एक करोडको आँकडा नाघेको जानकारी प्राप्त छ ।

फिल्ममा जितुका अलावा साम्राज्ञी आरएल शाह, विजय बराल, लक्ष्मी गिरी, डिल्लीराम खनाल, सुवाष गजुरेल, रन्जना भट्टराई, सरला रिजाललगायतको अभिनय छ । फरक भूगोल र परिवेशका दुई पात्रको भेटपछि आउने उतार-चढावमा फिल्म केन्द्रित छ ।

# 'मनसँग मन' : पुष्प र वर्षाको विर्सनलायक फिल्म



काठमाडौं/दर्शकको एउटा वर्गले चिनेका कलाकार हुन्, पुष्प खड्का र वर्षा सिवाकोटी । उनीहरुलाई विश्वास गरेर हलसम्म पुग्ने दर्शक छन् । भलै, त्यसको संख्या ठूलो नहोला । तर, के उनीहरुले दर्शकप्रति जिम्मेवार भएर फिल्म छनोट गरिरहेका छन् ? दर्शकको विश्वास कायम राख्नका लागि सचेत छन् ? शुक्रबारबाट प्रदर्शन यात्रा थालनी गरेको फिल्म 'मनसँग मन' हेर्दा कमसेकम त्यो चाहिँ देखिन्न ।

यो फिल्ममा उनीहरु मुख्य भूमिकामा छन् भन्नु नै गलत हुन्छ । निर्देशकलाई चाहिने बेला मात्र उनीहरु झुल्किन्छन् । मध्यान्तर अघि त उनीहरु सहायक पात्र जस्ता छन्, मुश्किलले ४/५ वटा सिन छ । उनीहरुबीच प्रेमको अंकुरण भएको महसूस गर्नै नपाई गहिरो प्रेममा डुबेर डाँडाकाँडामा नाच्न भ्याइसकेका हुन्छन् । मध्यान्तरपछि पनि यी दुईलाई पर्दामा हेर्नका लागि एक निन्द्रा पूरा गर्नुपर्छ ।

पुष्प र वर्षाको अभिनय स्वभाविक लाग्दैन । हुन त अभिनय महसूस गर्ने खालका दृश्य पनि छैनन् । चरित्र स्थापित नहुँदा फिल्ममा उनीहरुको उपस्थितिको कुनै अर्थ देखिन्न । उनीहरु नहुँदा पनि फिल्मलाई फरक पर्दैन थियो । यो हुनु भनेको कमजोर पटकथा र प्रस्तुतीकरणको नजिता हो । फिल्ममा अनावश्यक पात्रको त ठूलो जत्था छ । तर, कसैको अभिनय र भूमिका स्वभाविक लाग्दैन ।

निन्द्रा लाग्ने दृश्य त फिल्मको विशेषता हो । मध्यान्तर अघि होस् वा पछि, लम्बेतान दृश्य भलिभाती छ । पसले बाको अनावश्यक उपस्थिति, मुख्य खलपात्रलाई दिइएको महत्व, बुद्धि तामाङलाई अस्पताल लैजाँदा र अस्पतालभित्रका दृश्य हदैसम्म पट्यारलाग्दा छन् । क्याइमेक्स झन् नाटकीय छ । द्वन्द्वका दृश्य हाँसोलाग्दो छन् । छायांकन, सम्पादन, ब्याकग्राउन्ड स्कोर उस्तै कमजोर छ ।

फिल्ममा तीनवटा गीत छन् तर कुनैले कथावाचनमा भूमिका खेलेका छैनन् । निर्देशकले जहाँ इच्छा लाग्यो यही गीत जोडेका छन् । यद्यपि, गीतको अडियो र कोरियोग्राफी पक्ष राम्रो छ । फिल्मको माध्यमबाट सिक्किम र नेपालको सम्बन्धलाई जोड्न खोजिएको छ । तर, कमजोर कथा लेखनका कारण फिल्म उद्देश्यमा पुग्न सकेको छैन । फिल्मले भन्न खोजेको कथा के हो भन्ने समेत स्पष्ट छैन ।

कमजोर कथा र पटकथाको जगमा बनेको 'मनसँग मन'ले दर्शकसँग मन गाँस्नै सक्दैन । बरु, नेपाली फिल्मप्रति नै मन भड्काउन सक्छ । पुष्प र वर्षाको यो विर्सनलायक फिल्म हो । दुवैले यो फिल्म आर्थिक लाभका लागि मात्र काम गरेको देखिन्छ । उनीहरुको न पर्याप्त 'स्क्रिन स्पेश' छ न चरित्र निर्माण बलियो छ । दुवैका लागि यो फिल्मबाट संख्या थप्नेभन्दा बाहेक अरु उपलिब्ध नै छैन ।

# १० वर्षपछि 'कामिनो'बाट कमब्याक गर्दै राजबल्लभ

काठमाडौं/एक समय नेपाली फिल्ममा सशक्त उपस्थिति जनाएका अभिनेता राजबल्लभ कोइराला एक दशकदेखि काँचको पर्दामा देखिएका छैनन् । अमेरिकामा बस्दै आएका उनले पछिल्लो पटक २०७० सालमा फिल्म '६ एकान ६'मा काम गरेका थिए । अब उनले १० वर्षपछि फिल्म 'कामिनो'बाट पुनरागमन गर्ने भएका छन् । शनिबार उनी स्वयंले फिल्ममा आफू आबद्ध भएको जानकारी गराए । निर्माण टिमले उनको स्वागतमा तयार पारेको एक पोस्टर फेसबुकमा शेयर गर्दै राजबल्लभले लेखेका छन्, 'दाई नेपाली चलचित्रमा फेरि कहिले आउनुहुन्छ ? यो वर्ष, 'कामिनो'सँगै ।' उनले नेपाल आएर फिल्मको छायांकन गर्न लागेका हेइनन् । ब्राजिल र उत्तर अमेरिकाको मेक्सिकोमा उनको भागको छायांकन हुनेछ । उनको कमब्याकलाई लिएर उनका प्रशंसकहरुमा खुसी छाएको छ ।

राजबल्लभभन्दा अघि फिल्ममा अभिनेता प्रदीप खड्का र अभिनेत्री वर्षा सिवाकोटी अनुबन्ध भैसकेका छन् । जोखिमपूर्ण तरिकाले अमेरिका प्रवेश गर्न चाहनेको संघर्षको कथामाथि निर्माण हुन लागेको फिल्मलाई दीपक वलीले निर्देशन गर्न लागेका हुन् ।

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com



# अव्यवस्थित चुनढुंगा उत्खनन्ले गढीका ७ वटा वडा प्रभावित

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ हेटौंडा उपमहानगरपालिकामा रहेको शिवम् सिमेन्ट उद्योगको अव्यवस्थित चुनढुंगा उत्खनन् कार्यले मकवानपुर गढी गाउँपालिकाको ७ वटा वडा निरन्तर प्रभावित बनेका छन् ।

शिवम्ले मकवानपुर गढीको ८ र ७ नम्बर वडामा चार वटा खानी क्षेत्रबाट अव्यवस्थित रुपमा चुनढुंगा उत्खनन् गरेपछि आगामी वर्षामा क्षति हुने आंकलनले स्थानीयहरु चिन्तित बनेका छन् ।

शिवम्ले विगत १५ वर्षदेखि सरोकारवाला निकायहरुबीच भएका सहमतिविपरित अव्यवस्थित रुपमा चुनढुंगा उत्खनन् गरिरहेको भन्दै ८ नम्बर वडाको बुढीचौर र ७ नम्बर वडाको सुकौराबासी आन्दोलित बनेका छन् । शिवम्को लापरबाहीले निकट भविष्यमै क्षति हुन सक्ने भन्दै स्थानीयहरु चिन्तित बनेका हुन् । चुनढुंगा उत्खनन् गर्दा निस्किएका ओभरवटन आफैंले व्यवस्थापन गर्नुपर्ने सम्झौता उल्लेख भएपनि शिवम्ले पालना नगरेको पाइएको हो ।




शिवम्ले विगतका सम्झौतालाई लत्याउँदै प्राकृतिक स्रोतको क्षतविक्षत गरेर स्थानीयबासीलाई असर पुग्ने गरी ओभरवटनज जथाभावी फालेको छ । उद्योगको राष्ट्रिय वनक्षेत्रमा जरुवा, खोटार, कलवन र चपकी गरी चार वटामा चुनढुंगा खानी सञ्चालनमा रहेका छन् । त्यहाँबाट निस्किएका ओभरवटन अधिकांश सामरी खोलाको सहायक खोल्चाहरुमा खसालिएको छ भने केही फाष्टट्र्याक निर्माणमा समस्या हुने गरी बकैया गाउँपालिकाको सिमात खोलाको सहायक खोल्चामा फालिएको छ ।

शिवम्ले मनमौजी हिसाबले ओभरवटन फाल्दा पाखाका बोटविरुवा मासिएका छन् भने जडिबुट्टीहरु लोप हुँदै गएका छन् । त्यस्तै ओभरवटनले खोल्चाखाल्ची पुरिँदा करिब सय/दुई सय फिट अग्ला झरनाहरु लोप भएको र पानीको स्रोत पनि सुक्दै गएको स्थानीय सानुकान्छा तामाङ्ले गुनासो गरे । बर्षायासमा अव्यवस्थित ओभरवटन बगेर आउँदा खोलाको सतह बढेर खेतियोग्य जग्गा र बस्तीकटानसँगै सिचाँईमा समस्या भएको र शुद्ध खानेपानी समेत पाईन छाडेको स्थानीय राजेश नेपालले बताए । खानेपानी विस्तारको पाइप लाइन क्षति हुनुका साथै तटीय क्षेत्रका गाउँबस्तीका घर, विद्यालय, पाटीपौवा, मठमन्दिर, स्वास्थ्य चौकी, पानीघट्टाहरु बाढी र पहिरोको जोखिममा रहेको नेपालले गुनासो गरेका छन् ।

मकवानपुरगढी-७ को पाङटोल, गीताधर्म, आम्बोडे, भण्डारे, किटीनी, न्यौपानेटार, भुडेदमार, सातकन्या, कोलदमार, मच्छेडाँडा, वतासेडाँडा, हुलाक दमार, नर सिंडाँडा, जिमर गेबडाडा, थासाटोल लगायत स्थानहरु खानी प्रभावित क्षेत्र हुन् । त्यस्तै खानीको कारण मकवानपुरगढीको वडा नम्बर २, ३, ४, ५, ६ को सामरी तटका स्थानीय प्रभावित छन् भने वडा नम्बर ८ र ७ का पनि प्रभावित छन् । खानीका कारण वडा नम्बर ७ र ८ का स्थानीयहरु बाह्रै महिना विभिन्न खाले समस्या खेप्नुपर्छ भने अन्य क्षेत्रका स्थानीयहरुले बर्षायाममा खेतीयोग्य जमिन र बस्ती कटानको समस्या बर्षेनी खेप्दै आएका छन् । उनीहरुले हिउँदमा धुलोमैलो, सासफेर्दै पिच्छे र ध्वनी प्रदुषण, होस हुँदासम्म झेल्नुपर्छ ।

उद्योगले चार वटा खानीबाट करिब १० बर्ष भन्दा बढी समय बिना स्वीकृत खानी उत्खनन् गरेको पाइएको छ । स्थानीयका अनुसार २०६३/०६४ सालदेखि त्यस क्षेत्रमा चुनढुंगा उत्खनन् गरेको थियो । भुगर्व विभागले उपलब्ध गराएको सम्झौता अनुसार उत्खनन् स्वीकृती २०७१, २०७४, २०७८ मा स्वीकृती लिएको पाईएको स्थानीयहरु बताउँछन् । ०७१ र ०७८ मा भएको सम्झौताको अवधि १५/१५ बर्ष छ भने ०७४ मा भएको ९ बर्षको मात्रै रहेको जनाइएको छ । उद्योगको लापरबाहीले सामरी तटमा रहेको स्थानीय गरिब किसानको खेतियोग्य जमिन बर्षेनी तहसनहस हुने गरेको गुनासो गर्छन ।



जिल्लाको उत्तरी क्षेत्रस्थित पर्यटकीय गाउँ चित्लाङमा रहेको चित्लाङको ऐतिहासिक पाटी । थाहा नगरपालिकाको पर्यटकीय गन्तव्य चित्लाङमा रहेको पौराणिक शैलीको पाटीलाई पुनर्निर्माण गरिएको थियो । तत्कालीन राणकालिन समयमा मकवानपुरमा सडक सञ्जाल नहुँदा चितवन, हेटौंडा तथा पालुङ क्षेत्रमा बटुवाहरु राजधानी काठमाडौं प्रवेशका लागि पैदल जाने क्रममा यहि पाटीमा बास बस्ने गरेका थिए । यस पाटीलाई पुरानै शैलीमा पुननिर्माण गरेर चिटिक्क बनाइएको छ । हेटौंडाबाट भीमफेदी, चित्लाङ हुँदै गाडीहरु पनि बोकेर काठमाडौं पुऱ्याउने गरिएको थियो । चित्लाङमा यस्ता ऐतिहासिक संरचना थुप्रै छन् । *तस्बिर: गणेश विष्ट ।*

# निवर्तमान मुख्यमन्त्री पाण्डेले फिर्ता गरे गाडी

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मुख्यमन्त्री हुँदा आफूले प्रयोग गरिरहेको गाडी पदबाट हटेपछि पनि प्रयोग गरिरहेका राजेन्द्र प्रसाद पाण्डेले अन्तत: गाडी फिर्ता गरेका छन् ।

बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डे धादिङबाट प्रतिनिधिसभा निर्वाचन जितेपछि पनि प्रदेशको गाडी प्रयोग गरिरहेका थिए । उनले कानुनविपरित गाडी फिर्ता नगरेको समाचार शनिवार साझाकुराले प्राथमिकताका साथ प्रकाशन गरेको थियो ।

साझाकुराले 'निवर्तमान मुख्यमन्त्री पाण्डे कानुनविपरित प्रदेशको गाडिमा सरर...' शिर्षकमा समाचार प्रकाशित गरेपछि उनले शनिवार नै गाडी फिर्ता पठाएका हुन् । पाण्डेले कानुनविपरित प्रयोग गरिरहेको मुख्यमन्त्री तथा मन्त्रि परिषद्को गाडी गृह जिल्ला धादिङ-काठमाडौं ओहोरदोहोर गरिरहेको स्रोतले जानकारी दिएको थियो ।

प्रदेश सरकारको स्रोत साधन कानुनविपरित दुरुपयोग गरेको आरोप लागेका उनले शनिवार नै गाडी फिर्ता पठाएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको जिन्सी शाखाले जानकारी दिएको छ । ८ पुसमा मुख्यमन्त्रीबाट राजिनामा दिएका उनले सरकारबाट बाहिरिएको



एक महिना बितिसक्दा पनि कानुन विपरित प्रदेशको महिन्द्रा स्कपियो गाडी प्रयोग गरिरहेका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार बा-प्र-०३-००१ झ ०११३ नम्बरको महिन्द्रा स्कपियो पाण्डेले प्रयोग गरिरहेका हुन् । जब की, बागमती प्रदेशमा सवारीसाधन प्रयोग गर्न पाउने सम्बन्धि पूर्वमुख्यमन्त्रीहरुको कुनै सेवासुविधाको कानुन निर्माण भएको छैन् ।

निवर्तमान मुख्यमन्त्री पाण्डेले सवारीसाधन प्रयोग गर्न सक्ने कानुनबिनै प्रदेश सरकारको स्रोतसाधनको दुरुपयोग गरेका थिए । बागमतीमा मुख्यमन्त्रीलाई सेवासुविधा सम्बन्धी छुट्टै कानुन नभए पनि बागमती प्रदेशमा मुख्यमन्त्री र मन्त्रीहरुले प्रयोग गर्ने सवारीसाधन सम्बन्धि भने कानुन छ । २९ भदौ २०७५ मा प्रदेश राजपत्रमा प्रकाशित सवारीसाधन तथा इन्धन सुविधा सम्बन्धि कानुनले मुख्यमन्त्री र मन्त्रीहरुले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ । तर, पाण्डेले राजीनामा दिएकै झण्डै दुई महिना पुग्न लागेको छ । पाण्डेले मुख्यमन्त्री हुँदा हालका मुख्यमन्त्रीले प्रयोग गर्ने प्रदेश-३-०३-००१ झ ००११ टोयटा ल्याण्डक्रुजर प्रयोग गर्थे । पाण्डेले टोयटा ल्याण्डक्रुजरसँगै बा-प-०३-००१ झ ०११३ नम्बरको स्कपियो पनि प्रयोग गर्ने गरेको मुख्यमन्त्री कार्यालयको जिन्सी शाखाले जानकारी दिएको छ ।

आफूले प्रयोग गर्ने दुई वटा सवारीसाधनमध्ये स्कपियो उनले लगेका थिए । प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर सपथ लिएपछि पनि प्रदेशको मुख्यमन्त्रीमै रहेका पाण्डेले ८ पुसमा मुख्यमन्त्रीबाट राजीनामा दिएका थिए । २५ पुसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाको गठबन्धनबाट शालिकराम जम्मकट्टेल मुख्यमन्त्री भएपछि काम चलाउ सरकार सञ्चालन गरिरहेका पाण्डे काठमाडौं फर्किएका थिए । अघिल्लो सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीहरुले प्रयोग गर्ने सवारीसाधन फिर्ता ल्याउने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको हो ।

# हेटौंडा अस्पतालमा सेवा बन्द




साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीका बेला चिकित्सकमाथि लाठीचार्जको घटनाको विरोधमा हेटौंडा अस्पतालमा पनि आकस्मिक बाहेकका उपचार सेवा बन्द हुने भएको छ ।

नेपाल चिकित्सक संघले आइतबार देशभरका अस्पतालमा आकस्मिकबाहेकका सेवा बन्द गर्ने घोषणा गरेपछि हेटौंडा अस्तापलमा पनि आकस्मिकबाहेकको सेवा बन्द हुने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रामचन्द्र सापकोटाले जानकारी दिए । उनले चिकित्सक संघको घोषणाअनुसार नै हुने बताए । शुक्रबार राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा जनिथलाल सिंहलाई प्रहरीले लाठ्ठीचार्ज गरी घाइते बनाएको थियो ।

संघको केन्द्रीय कार्यकारिणी समितिको शनिबार बसेको आकस्मिक बैठकले आइतबार एक दिन देशभरका सरकारी तथा गैरसकारी, निजी, सहकारी स्वास्थ्य संस्था, अस्पताल, निजी तथा सरकारी मेडिकल कलेज तथा प्रतिष्ठानलगायत सम्पूर्ण स्वास्थ्य संस्था तथा अस्पतालहरुमा आकस्मिक सेवाबाहेकका सम्पूर्ण सेवाहरु बन्द गर्ने निर्णय गरेको हो । संघले भीभीआईपीको सुरक्षाका नाममा कुनै चिकित्सक तथा स्वास्थ्यकर्मी, आम सर्वसाधारण लगायत बिरामीले दु:ख दिन नहुने भन्दै अबदेखि यस्तो परिपाटी अन्त्य हुनुपर्नेमा जोड दिएको छ ।

संघले स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुमाथि भीभीआइपीको सुरक्षाका नाममा प्रहरीद्वारा सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइनु र हजारौंको संख्यामा सेवा लिन आइरहेका बिरामीहरुलाई समेत अस्पतालमा पुग्न नदिएर अलपत्र पारी अत्यन्तै दुराअवस्था सिर्जना गरिएकोप्रति स्तब्ध भएको जनाएको छ ।

लोकका लागि स्थापित गरिएको लोकतान्त्रिक गणतन्त्रमा नागरिकलाई सास्ती दिने काम भएको भन्दै संघले सवारीको नाममा अस्वभाविक सुरक्षाको प्रबन्ध मिलाउने भन्दै घण्टौं जाम गरेर दैनिक जीवन यापनमा अत्यन्तै असहज परिस्थितिको सिर्जना गर्नु न्यायोचित नभएको जनाएको छ ।

# ३ नम्बर वडालाई बकैया कपको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ बकैया गाउँपालिकामा आयोजना भएको चौथो बकैया कप फुटबल प्रतियोगिताको उपाधि ३ नम्बर वडाले उचलेको छ ।

बकैया-७, भिरकोटस्थित जनक माविको खेलमैदान भएको फाइनल खेलमा ३ नम्बर वडाले ७ नम्बर वडालाई ३-० गोलअन्तरले हराएको हो । ३ नम्बर वडाका तर्फबाट कप्तान छेवाङ लामाले २ गोल र आयुष नेगीले १ गोल गरे । ७ नम्बर वडाले गोल गर्ने केही मौका पाए पनि समुदपयोग गर्न नसक्दा हार व्यहोर्नु परेको थियो । उपाधि जितेको ३ नम्बर वडाले नगद १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । उपविजेता बनेको ७ नम्बर वडाले भने १ लाख रुपैयाँ प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ३ नम्बर वडाका सुजन गुरु चुनिएको आयोजक बकैया खेलकुद विकास समितिले जानकारी दिएको छ । गुरुले नगद १० हजार रुपैयाँ पाए । प्रतियोगिताको उदीयमान खेलाडी ३ नम्बर वडाका रोमन घलान, उत्कृष्ट गोलरक्षक ३ नम्बर वडाकै बिक्रम नेगी, डिफेन्डर ७ नम्बर वडाका राउल राई, उत्कृष्ट मिडफिल्डर



७ नम्बर वडाका दावा भोलन र प्रतियोगिताभर ७ गोल गरेका वडा नम्बर ३ का कप्तान लामा सर्वाधिक गोलकर्ता घोषित भए । उनीहरुले जनही ५-५ हजार रुपैयाँ पाएका छन् ।

# भिरबाट लडेर एक जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा बिवाह भोज खाएर फर्कने क्रममा एक जनाको भिरबाट लडेर मृत्यु भएको छ ।

शुक्रबार राती ११ बजेको समयमा इन्द्रसरोबर गाउँपालिका वडा नम्बर-२ डाँडाघर बस्ने ५३ को तर्थि लामा स्थानीय छिमेकीको घरमा बिवाह गई घरतर्फ फिर्ता हुने क्रममा भिरबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लामा ४० मिटर तल खसेका थिए । भिरबाट लडेको खवर प्राप्त हुनासाथ उक्त स्थानमा प्रहरी हवल्दार राजन भण्डारीको कमाण्डमा टोली खटिएको थियो ।

मकवानपुरका डाँडाँकाडाँ भएका क्षेत्रमा रातको समयमा हिड्दा बत्ति पनि नबोक्ने, साघुरा गोरेटो बाटो र मादक पदार्थ सेवन गरेर हिड्ने हुँदा भिरबाट लडेर मृत्यु हुनेको संख्या बढ्न थालेको छ ।

# म्यान मकवानपुरको वार्षिक कार्ययोजना बन्यो

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ मोबाइल एएसोसिएसन अफ नेपाल मकवानपुरले आफ्नो वार्षिक कार्ययोजना तथा कार्यक्रमहरु तय गरेको छ ।

इन्द्रसरोबरको मार्खुमा शुक्रबार र शनिबार आयोजित वार्षिक कार्ययोजना तर्जुमा कार्यक्रममा कार्यक्रमहरु तय गरिएको हो । म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईको अध्यक्षतामा बसेको बैठकमा म्यान मकवानपुरका संस्थापक अध्यक्ष एंव नेपाल मोबाईल व्यवसायी महासंघका केन्द्रीय सदस्य र बागमती प्रदेश संयोजक छतेन्द्र आचार्यको प्रमुख आतिथ्यतामा कार्ययोजनाहरु निर्माण गरिएको हो । कार्यक्रममा म्यान मकवानपुरका सल्लाहकार कुमारमणि त्रिपाठी, प्रेस सल्लाहकार श्रीराम अर्जुन लगायतको आतिथ्यता रहेको थियो ।

शुक्रबार एसोसिएसनले २ वर्षका लागि विभिन्न कार्यक्रमहरु तयार पारेको छ । म्यान मकवानपुरको स्थापना दिवसमा सप्ताहव्यापी रुपमा कार्यक्रम गरिनुका साथै विजनेश मोटिभेसनल कार्यक्रम, व्यवसायीलाई कर सम्बन्धी तालिम, आँखा शिविर, रक्तदान, स्वास्थ्य शिविर, मकवानपुर उद्योग वाणिज्य संघमा सदस्यता वृद्धि गर्ने, प्रशासनको सहकार्यमा ग्राहक सम्झौता कार्ड लागु गरिने, मकवानपुरको पूर्वी क्षेत्र सहित जिल्लाभर सदस्यता वृद्धि गरिने जस्ता कार्यक्रमहरु तय गरिएको छ ।

त्यस्तै, मोवाइल सम्बन्धी मर्मत तालिम, सदस्यहरुको दुर्घटना बिमा र विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचार छुट कार्ड कार्यक्रम गरिने भएको छ । म्यान मकवानपुरले बनभोज कार्यक्र, अन्तरजिल्ला अवलोकन तथा भ्रमण, म्यूजिकल नाइट, दशैं तिहार लक्षित उपहार योजना कार्यक्रम र हेटौंडामा मोवाईल एक्पो सञ्चालन गरिने तय भएको अध्यक्ष चौलागाईले बताएका छन् । संस्थाको ब्राण्डिङ, म्यान मकवानपुरको लोगो प्रत्येक सदस्यको पसलमा टाँस्ने, तीज लक्षित स्लो स्कुटी कार्यक्रम, नियमित अन्य कार्यक्रमहरु नियमितनै सञ्चालन गरिने जस्ता क्रियाकलापहरु गरिने महासचिव राजकुमार दाहालले बताए ।

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

**सूचना सूचना सूचना**

बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय, परिषद्को कार्यालय मकवानपुरको सहयोगमा कान्तिपुर बहुप्राविधिक शिक्षालयबाट निम्न जिल्लामा नि:शुल्क रोजगार कार्यक्रम सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरुले फारम भर्नुहुन अनुरोध गरिन्छ।

**तालिम**:

१. **मन्टेश्वरी** - २० जना
२. **इन्डस्ट्रियल इलेक्ट्रिसियन** - २५जना

**फारम भर्ने मिति**: २०७९/१०/२८गतेदेखि २०७९/११/०५गते सम्म

**फारम पाइने स्थान:** जिल्ला युवा समितिको कार्यालय हेटौंडा-२ मकवानपुर र कान्तिपुर बहुप्राविधिक शिक्षालय भरतपुर चितवन

थप जानकारीका लागि सुमन पाखिन (अध्यक्ष) ९८४५१२२९३३, किसान किङ्ग्रिङ मगर (कम्प्युटर सहायक) ९८६६१२०५४६

**प्रदेश युवा परिषद् जिल्ला युवा समिति**

हेटौंडा -२, मकवानपुर

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु** :

- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना